# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, चैत २९ गते २०५० साल (अतिरिक्ताङ्क ७३

## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. ३५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### जाँचबुझ आयोग ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : जाँचबुझ आयोग ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "जाँचबुझ आयोग (पहिलो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जाँचबुझ आयोग ऐन, २०२६ को दफा २ मा संशोधन : जाँचबुझ आयोग ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) मा रहेको "जाँचबुझ" भन्ने शब्द झिकिएकोछ ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ :-

"३. आयोगको गठन : (१) श्री ५ बाट मन्त्रिपरिषद्को सल्लाहमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै कामको लागि सोही प्रतिबन्धात्मक वाक्यांश बमोजिम सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई खटाई आयोग गठन गर्न सकिबक्सनेछ । त्यस्तो आयोग न्यायाधीशको मात्र वा अन्य व्यक्ति समेत रहेको हुन सक्नेछ र एक भन्दा बढी सदस्य रहेमा श्री ५ बाट तोकिबक्सेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ ।

(२) सार्वजनिक महत्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोगको गठन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारले एक वा एक भन्दा बढी सदस्यहरु रहेको जाँचबुझ आयोग गठन गर्न सक्नेछ र एक भन्दा बढी सदस्यहरु रहेकोमा श्री ५ को सरकारले तोकेको सदस्य आयोगको अध्यक्ष हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) आयोगको गठन सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।"

४. <u>मूल ऐनको दफा ४ मा संशोधन</u> मूल ऐनको दफा ४ को ,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएकाछन् :-

"(१) आयोगले गर्नु पर्ने काम आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र जाँचबुझको काम सम्पन्न गरी श्री ५ बाट गठन गरिबक्सेको आयोगले श्री ५ समक्ष र श्री ५ को सरकारले गठन गरेको आयोगले श्री ५ को सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ र श्री ५ समक्ष पेश भएको प्रतिवेदन मौसूफबाट मन्त्रिपरिषद्मा पठाउन लगाई बक्सनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ

"(२क) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।"

५. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. <u>आयोगको विघटन</u> : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9005

उपदफा (२क) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सकिनेछ र त्यस्तो सूचनामा तोकिएको मितिदेखि आयोग विघटन भएको मानिनेछ ।"

६. मूल ऐनमा दफा ८क. थप : मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएकोछ :-

"८क. आयोगको काम कारवाही गोप्य रहने : आयोगको सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्रराष्ट्रसंगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका कुरा सार्वजनिक जानकारीका लागि प्रकाशित गरिनेछ ।"

७. जाँचबुझ आयोग (पहिलो संशोधन) अध्यादेश, २०५० निष्कृय भएपछि त्यसको परिणाम : जाँचबुझ आयोग (पहिलो संशोधन) अध्यादेश, २०५० निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले ,-

(क) सो अध्यादेश निष्कृय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पु-याई अघिनै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मिति :- २०५०।१२।२९।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1099

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1012